दर्ता नं. ४२२-०५५/५६
प्यान नं. ३०२७५८६८७
कार्यक्षेत्र: काभ्रे जिल्ला भरी

नेफस्कून

Yuwa Saving & Credit Co-operative Society Ltd.

# युवा बचत तथा ऋण सहकारी संस्था लि.

केन्द्रिय कार्यालय: बनेपा-७, सेवा केन्द्र: पनौती-६, काभ्रेपलान्चोक

पत्र संख्या: २०७८/७९
चलानी नं.: ४५

मिति: २०७८/०५/०८

**विषय: साधारण सभा सम्बन्धमा ।**

आदरणीय शेयर सदस्य महानुभावहरू,

सहकारी विभागको मिति २०७८ भाद्र ०१ गते जारी गरिएको निर्देशनमा विभागको मिति २०७७ आश्विन ०१ गतेको निर्णय नं. ०७ लाई आधार मानी आ. ब. २०७७/७८ को साधारण सभा सञ्चालन गर्न सकिने भनी उल्लेख भएकाले सोही बुँदालाई आधार मानी यस युवा बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०७८ श्रावण १८ गते बसेको सञ्चालक समिति बैठकको निर्णयानुसार संस्थाको २३ औं वार्षिक साधारण सभा निम्न मिति समय र स्थानमा सम्पन्न हुने सहर्ष जानकारी गराउँदै तपाईंको अनिवार्य उपस्थितिको लागि सादर अनुरोध गर्दछौं ।

**कार्यक्रम:**

| | |
|---|---|
| उपस्थिति पुस्तिकामा हस्ताक्षर गर्ने अवधि | : २०७८ आश्विन ११ गतेदेखि आश्विन १५ गतेसम्म |
| निर्णय एकीकरण मिति | : २०७८ आश्विन १६ गते शनिबार |
| स्थान | : संस्थाको केन्द्रिय कार्यालय बनेपा-७, सेवाकेन्द्र पनौती-६, सेवाकेन्द्र पाँचखाल-४ |
| नाम दर्ता | : बिहान ७:०० बजेदेखि ३:०० बजेसम्म |

**छलफलका प्रस्तावहरू:**

१. सभाको वैधानिकता सम्बन्धमा ।
२. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
३. आ.व. २०७७/७८ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
४. आ.व. २०७७/७८ को सचिवको प्रगति प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
५. आ.व. २०७७/७८ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
६. आ.व. २०७७/७८ को लेखा तथा सुपरीवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
७. आ.व. २०७८/७९ को प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेट पारित गर्ने सम्बन्धमा ।
८. आ.व. २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
९. आ.व. २०७७/७८ को मुनाफाबाट शेयर लाभांश वितरण अनुमोदन गर्ने सम्बन्धमा ।
१०. आ.व. २०७७/७८ को मुनाफाबाट संरक्षित पूँजि फिर्ता सम्बन्धमा ।
११. विनियम संशोधन सम्बन्धमा ।
१२. नीति, निर्देशिका एवं कार्यविधि संशोधन तथा तर्जुमा गर्ने सम्बन्धमा ।
१३. संस्था एकीकरण सम्बन्धमा ।
१४. संस्थाको स्थिर सम्पत्ति तथा धितो लिलामबाट प्राप्त सम्पत्ति लिलाम बिक्रि सम्बन्धमा ।
१५. काल्याणकारी कोषबाट भएको खर्च अनुमोदन सम्बन्धमा ।
१६. विविध सम्बन्धमा ।

Banepa-7, Kavrepalanchok, Nepal
Tel: 011-660314, 660863 Fax: +977-11-660863
E-mail: info@yuwasaccos.org

दर्ता नं. ४२२-०५५/५६
पान नं. ३०२७५९६८७
कार्यक्षेत्र: काभ्रे जिल्ला भरी

नेफ्स्कून

Saving & Credit Co-operative Society Ltd.
युवा बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रिय कार्यालय: बनेपा-७, सेवा केन्द्र: पनौती-६, काभ्रेपलाञ्चोक

## सूचना

१. विविध विषय उपर छलफल गर्न इच्छुक शेयर सदस्यज्यूहरूले मिति २०७८ आश्विन १५ गते अपरान्ह ५:०० बजेसम्म संस्थामा लिखित रूपमा सूचना दिनुपर्नेछ ।

२. साधारण सभामा समयमै उपस्थित हुनुहुने शेयर सदस्यज्यूहरूलाई परिवहन खर्च रु. २३५.२९।- मा कर कट्टी गरी बाँकि रकम रु. २००।- प्रदान गरिनेछ । जसका लागि शेयर सदस्यहरूले संस्थाबाट वितरण गरिएको परिचय पत्र, शेयर प्रमाण पत्र वा पासबुक लिई उपस्थित हुनुपर्नेछ ।

४. कोभिड-१९ को महामारीका कारण स्वास्थ्य सुरक्षालाई विशेष ध्यान दिई धेरै भिडभाड नगरी साधारण सभा सम्पन्न गर्नुपर्ने भएकाले आश्विन ११ देखि १५ गतेसम्म साधारण सभा उपस्थिति पुस्तिका खुल्ला गरिनेछ । उक्त दिनहरूमा देहायअनुसार क्रमैसँग आफूलाई पायक पर्ने संस्थाको केन्द्रिय कार्यालय वा सेवाकेन्द्रमा उपस्थित भइ साधारण सभा उपस्थिति पुस्तिकामा हस्ताक्षर गरी वार्षिक प्रतिवेदन बुझिलिनुहुन हार्दिक अनुरोध गर्दछौं । वार्षिक प्रतिवेदन अध्ययन पश्चात सदस्यहरूबाट प्राप्त हुने प्रतिक्रियालाई समेटी साधारण सभाको निर्णय पुस्तिका तयार पारिनेछ ।

| दिन | सदस्यता नं. |
|---|---|
| आश्विन ११ | १-२००० |
| आश्विन १२ | २००१-४००० |
| आश्विन १३ | ४००१-६००० |
| आश्विन १४ | ६००१-७०००, ११०००-१२००० |
| आश्विन १५ | १२००१-बाँकि सदस्य |

**नोट:**

१. तपाईको आश्विन महिनासम्मको मासिक नियमित बचत यही २०७८ आश्विन ०५ गतेभित्र अनिवार्य रूपमा संस्थामा बुझाउनुहुन अनुरोध छ ।

२. कृपया तोकिएको दिनमा उपस्थित भई भिडभाड कम गर्न सहयोग गरिदिनुहोला ।

३. मास्कको अनिवार्य प्रयोग गरी कार्यक्रममा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

४. **साधारण सभामा उपस्थित हुँदा आफ्नो नागरिकताको प्रतिलिपि अनिवार्य लिएर आउनुहोला ।**

सरोज कुमार तिमल्सेना
सचिव

Banepa-7, Kavrepalanchok, Nepal
Tel: 011-660314, 660863 Fax: +977-11-660863
E-mail: info@yuwasaccos.org
Website: yuwasaccos.org